# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, असार २७ गते २०३४ साल

श्री ५ को सरकार

## निर्माण तथा यातायात मन्त्रालयको

## सूचना

जग्गा प्राप्ति ऐन, २०१८ को दफा ७ को उप-दफा (१) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले ललितपुर तरकारी बजारको लागि वाग्मती अञ्चल, ललितपुर जिल्ला, ललितपुर नगर पञ्चायत अन्तर्गत निम्न वडा नम्बरमा पर्ने निम्नलिखित जग्गा प्राप्त गर्ने निर्णय गरेकोले सम्बन्धित जग्गाधनीले जग्गाको मोल र अरू नोक्सानी बापत यस ऐन र जग्गा प्राप्ति नियमहरू, २०२६ बमोजिम क्षतिपूर्ति पाउने हुँदा यो सूचना प्रकाशित गरिएको छ।

वडा नं. १६ मा पर्ने पूर्व पिच नलागेको सडक, पश्चिम बेखालाल समेतको जग्गा, रत्न माया, गोबिन्दमान समेतको घर जग्गा, उत्तर पाँगन केवगंभिरलालको घर परखाल र कि. नं. ८ को जग्गा र आपुलाल, गोपालबहादुर समेतको घर, दक्षिण पिच नलागेको सडक यति चारकिल्लाभित्रको कि. नं. १ को ०-४-१ पूरै, कि. नं. २ को ०-४-१ पूरै, कि. नं. ३ को ०-४-१ पूरै, कि. नं. ४ को ०-४-१ पूरै, कि. नं. ५ को ०-१०-३ पूरै,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

302

कि. नं. ६ को ०–१०–३ पूरै, कि. नं. ७ को ०–१०–३ पूरै, कि. नं. ९ को ०–८–० पूरै, कि. नं. ११ को ०–८–० पूरै, कि. नं. १२ को ०–८–१ पूरै, कि. नं. १३ को ०–८–० पूरै, समेतको जम्मा रोपनी ५–१–२ (पाँच रोपनी एक आना दुई पैसा) को जम्मा मालपोत रू. १९।९६ (उन्नाईस रूपैयाँ छयान्नब्बे पैसा) लागेको कित्ता।

वडा नं. १४ साविक हाल वडा नं. १७ मा पर्ने पूर्व विश्ववज्रको घर र पक्की परखाल पिठो पिन्ने मिल, पश्चिम पिच नलागेको सडक, उत्तर बाटो, दक्षिण विश्वबज्रको घर र बाटो, यति चारकिल्लाभित्रको कि. नं. १ को ०–७–० पूरै, कि. नं. २ को १–१–१ पूरै समेतको जम्मा रोपनी १–८–१ (एक रोपनी आठ आना एक पैसा) को जम्मा मालपोत रू. ५।९४ (पाँच रूपैयाँ चौरान्नब्बे पैसा) लागेको कित्ता।

आज्ञाले–

नारायणप्रसाद अर्जेल

श्री ५ को सरकारको सचिव

मुद्रण विभाग, सिंहदरबार

आधिकारिक मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।